वार्षिक प्रतिबेदन आ.व. २०८१-२०८२

प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल

गण्डकी प्रदेश, पोखरा म. न. पा. — ३०, मोहोरिया

ईमेल :- sshospital.gandaki@gmail.com

वार्षिक प्रतिबेदन

वार्षिक प्रतिबेदन

आ. व. २०८१ - २०८२

प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल

गण्डकी प्रदेश, पोखरा म. न. पा. — ३०, मोहोरिया

ईमेल :- sshospital.gandaki@gmail.com

बिषय सुची

सुभकामना संदेशहरु 3

कार्यकारी सारांश 2

आकस्मिक स्वास्थ्य सेवा 2

बहिरंग स्वास्थ्य सेवा 4

डायलाईसीस सेवा ..... **Error! Bookmark not defined.**

प्रयोगशाला सम्बन्धि स्वास्थ्य सेवा 22

फार्मेसी सेवा 35

एक्स-रे सेवाः 39

सामाजिक सेवा एकाई अन्तर्गतका सेवाहरुः 51

क्षयरोग नियन्त्रण उपचार र सोरमास (SORMAS) कार्यक्रमः 57

अन्तरंग सेवाः 60

प्राथमिक आँखा उपचार सेवाः 70

एम्बुलेन्स सेवा 73

Continuing Medical Education (CME) कार्यक्रमः 74

Continuing Professional Development (CPD) कार्यक्रमः 75

आर्थिक तथा वित्तीय विवरणः 76

आ. व. २०८१ /८२ मा कार्य गरेका जनशक्तिको विवरणः 80

प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालमा आर्थिक वर्ष २०८१ /८२ मा कार्य गरि स्वास्थ्य सेवा प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्ने कर्मचारीहरुको विवरण तपशिलको तालिकामा रहेको छ | 81

आ. व. २०८१ /८२ मा थप गरिएका महत्वपूर्ण जिन्सी सामग्री हरुः 84

फोटोहरु 85

सुभकामना संदेशहरु

शुभकामना संदेश

स्थापना र संचालंगत विकासका हिसावले यस प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, पोखरा ३०, मोहोरियाको आफ्नै बिशिष्ठ बिशेषता रहेको छ | कास्की जिल्लाको पूर्वी भेक र साविक लेखनाथ नगरपालिकाका सबै आम नागरिकको सहज पहुँच हुनेगरी बिशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्राप्त गर्ने अभिप्रायले स्थानीय समाजसेवी र लेखनाथ लायन्स क्लबको संयुक्त आयोजनामा २०६० सालमा महायज्ञको आयोजना गरि सकलित सहयोग रकमबाट लेखनाथ सामुदायिक लायन्स अस्पतालको स्थापना भयो | समयको कालखण्डसंगै, यसरि स्थापित लेखनाथ सामुदायिक लायन्स अस्पतालबाट प्रदान गर्ने स्वास्थ्य सेवा अझै व्यवस्थित, परिस्कृत र सेवामुखी बन्न सकोस् भन्ने हेतुले साविक अस्पताल व्यवस्थापन समितिद्वारा २०७७ साल असार ७ गतेको बिशेष साधारण सभाको निर्णय बमोजिम गण्डकी प्रदेशको तत्कालिन सामाजिक विकास मन्त्रालयलाई स्वामित्व हस्तान्तरण भएपछि गण्डकी प्रदेश सरकारको कार्यविधि अनुसार अस्पताल संचालन भएको छ | यसरी गण्डकी प्रदेश सरकारको मातहतमा आएदेखी हालसम्म अस्पतालको संचालन र व्यवस्थापनमा उत्कृष्ट रुपमा प्रस्तुत भै अस्पतालको उन्नयनमा अब्बलरुपमा प्रस्तुत हुन सफल हुनुभएकोमा अस्पतालको ब्यबस्थापन तथा संचालन समितिका निवर्तमान अध्यक्ष तथा सदस्यज्युहरुलाई अध्यक्षको हैसियतले हार्दिक वधाई एवं आभार ब्यक्त गर्न चाहन्छु | २०८१ साल बैसाख १५ गतेको गण्डकी प्रदेश सरकारको निर्णय बमोजिम हामीलाई समग्र अस्पतालको व्यवस्थापन र संचालनमा सेवा भावली ओतप्रोत भै कार्य गर्ने अवसर प्रदान गर्नु भएकोमा ततकालिन मुख्यमन्त्री माननीय खगराज अधिकारीज्यूलाई आभार ब्यक्त गर्दै आ. व. २०८१ /८२ को वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष प्रस्तुत गर्ने परिप्रेक्षमा अध्यक्षको हैसियतले शुभकामनाका शब्दहरु राख्न पाउँदा हामी हर्षित छौ | हामी अस्पतालमा जोडीई सकेपछि, मुख्यरुपमा तिन बिषयहरुलाई मध्येनजर गर्दै हामी अगाडी बढी रहेका छौः क) स्वास्थ्य सेवा प्रदान गर्नेक्रममा धेरैभन्दा धेरै नागरिकहरुलाई सेवा प्रदान गर्ने, ख) प्रदान गर्ने सेवा गुणस्तरीय बनाउदै लैजाने र ग) प्रदान गर्ने सेवालाई सिध्र रुपमा प्रदान गर्ने | यी माथिका तिन बिषयहरुमा उत्कृस्ट व्यवस्थापन र संचालनमा गण्डकी प्रदेश सरकारको निर्देशन र स्वामित्व साथै यसै क्षेत्रमा सेवालाई मुख्य उदेश्य बनाएर कार्यरत सम्पूर्ण संघ संस्थाहरुको सहकार्यमा सेवामा समर्पित भै अस्पतालको समिति लागि परेको छ | हामी सदासर्वदा सुझाव र सल्लाहका लागि खुल्ला रुपमा अव्हान गर्दै आआफ्नो क्षमता दक्षता र शिपको अधिकतम प्रयोग गरि

स्वास्थ्य सेवाको बृद्धि विकासको लागि लागिपर्ने प्रतिबद्धता ब्यक्त गर्दछौ र यस प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालको सर्बांगिन विकासको सतत् शुभकामना अर्पण गर्दछौ |

तपाईको सहृदयी,
ऋषि राम जमरकट्टेल
अध्यक्ष
प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा संचालन समिति

शुभकामना संदेश

गण्डकी प्रदेश सरकारको प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालको आ. व. २०८१ /८२ को बार्षिक प्रतिवेदन प्रकाशन गर्न पाउँदा हर्षित भएको छु | अस्पतालले आ. व. २०८१ /८२ मा गरेका कार्यक्रमहरु, आफ्नो सेवाग्राहीहरुलाई दिएका सेवाहरु र अस्पतालको समग्र कार्यसम्पादन यस प्रतिवेदन मार्फत राख्न पाउँदा एउटा सामाजिक जिम्मेवारी पूर्ण गर्न लागेको महसुस गरेको छु |

यस प्रतिवेदन प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालले आ. व. २०८१ /८२ मा विविन्न शाखा तथा विभागहरुबाट सम्पन्न गरेका कार्यसम्पादनको समिक्षा पनि हो। आ. व. २०७७/७८ को श्रावन महिनाबाट साविकको लेखनाथ सामुदायिक लायन्स अस्पतालको स्वामित्व गण्डकी प्रदेश सरकारमा हस्तान्तरण भएपछि यस अस्पतालको नाम "संक्रामक तथा सरुवा रोग अस्पताल"को नामकरण गरिएको हो | कोवीड -१९ को महामारीमा नेपालमा प्रदेशस्तरीय पहिलो प्रादेशिक सरुवा रोग अस्पतालको रुपमा यस अस्पतालले स्वास्थ्य सेवा प्रदान गर्न शुरु गरेको हो ।

आ. व. २०८१ /८२ मा अस्पतालले निशुल्क हेमोडायलाईसीस सेवा विस्तार गरि उक्त सेवा आम नागरिकमा पहुँच विस्तार गर्न भूमिका खेलेको छ | प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालमा आ. व. २०८१ /८२ मा स्वास्थ्य सेवा प्रदान गर्ने सम्पूर्ण चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सवारी चालक, कार्यालय सहयोगी लगायत अन्य सबै कर्मचारीहरुलाई ह्रदय देखि नै धन्यवाद ब्यक्त गर्दछु | साथै अस्पताललाई सहयोग गर्ने तथा अस्पतालसंग सहकार्य गर्ने सम्पूर्ण व्यक्तिहरु, संघ, संस्थाहरु, सरकारी तथा गैरसरकारी निकायहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु |

यस वार्षिक प्रतिवेदनका सम्पूर्ण पाठकहरुलाई प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालको स्वास्थ्य सेवाहरुको विश्लेषण गरि अमुल्य सुझावहरु दिएर सेवाको गुणस्तर सुधार गर्न सहयोग गर्नु हुन हार्दिक अनुरोध गर्दछु | धन्यबाद |

डा. सरोजा पोखरेल
कार्यकारी निर्देशक
प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल

कार्यकारी सारांश

आकस्मिक स्वास्थ्य सेवा

१.पृष्ठभुमी

साविक लेखनाथ सामुदायिक लायन्स अस्पताललाई गण्डकी प्रदेश मन्त्री परिषदको निर्णय वमोजिम गण्डकी प्रदेश मातहतमा ल्याई २०७०/०४/०१ देखि संचालन भइरहेको यस अस्पतालमा बिभिन्न विभागहरु संचालनमा रहेका छन्।यी विभागहरु मध्ये इमरजेन्सी विभागले यस भेगका जनताहरुलाई सेवा पुर्याउँदै आएको छ।यस विभागले विभिन्न रोगहरु जस्तै घाउचोट ,दुर्घटनामा परेका ,श्वासप्रश्वास सम्न्धि समस्या भएका जस्ता अनेकौ ईमरजेन्सी अवस्थालाई उपचार गर्ने, रेफर गर्ने तथा भर्ना गर्ने कार्य भइरहेको छ।यसका साथै माइनर अप्रेसन समेत हुने गरेको छ।

२.काम कर्तव्यहरु

- आकस्मिक विरामिहरुको परिक्षण गर्ने।
- विभिन्न किसिमका घउचोटको उपचार गर्ने।
- माइनर अपरेसन गर्ने।
- आकस्मिक विरामिहरुको प्राइमरी मेनेज्मेन्ट गर्ने।
- प्राइमरी मेनेज्मेन्ट पश्चात विरामिलाई आबश्यकता अनुसार डिस्चार्ज गर्ने, भर्ना गर्ने, रेफर गर्ने।
- रेकर्डिङ् रिपोर्टिङ् गर्ने।
- विभागमा रहेका उपकरणको उचित प्रयोग गर्ने तथा अभिलेख राख्ने।
- औषधि उपकरणको इन्भेन्टोरी राख्ने।

२०८१ /२०८२ मा इमरजेन्सी विभागमा सेवा लिन आउनु भएका सेवाग्राहीको विवरण

EMERGENCY	MALE	FEMALE	TOTAL
SHARWAN 2081	140	127	267
BHADRA 2081	194	138	332
ASHWIN 2081	212	205	417
KARTIK 2081	169	145	314
MANGSIR 2081	143	123	266
POUSH 2081	135	113	248
MAGH 2081	160	133	293
FALGUN 2081	162	116	278
CHAITRA 2081	183	126	309
BAISHAK 2082	154	110	264
JESTHA 2082	156	127	283
ASAR 2082	182	153	335



चुनौतिहरु

- कर्मचारिहरु पर्याप्त नहुनु।

- करारका कर्मचारिहरुको frequent turnover हुनु।
- ईमरजेन्सी कोठा सानो भएकोले काम गर्न गाह्रो भएको।
- ईमरजेन्सीमा छुट्टै Red Area नभएको।
- Procedure Room सानो भएको।
- ईमरजेन्सीमा औषधि समय समयमा उपलव्ध नभएको Replace गर्न गाह्रो भएको।
- काउन्टर विलिङमा पनि सिमित ईमरजेन्सीका कर्मचारिले काम गर्न परेको।
- ईमरजेन्सी Pharmacy नभएको।

<u>सुधार गर्नुपर्ने पक्षहरु</u>

- काउन्टर विलिङमा कर्मचारि थप गर्नु पर्ने।
- ईमरजेन्सी Pharmacy को व्यवस्था गर्नु पर्ने।
- कर्मचारिहरुको frequent turnover कम गर्ने।
- ईमरजेन्सीमा Accident Case धेरै आउने भएकोले Truma Surgeon को व्यवस्था गर्नु पर्ने

<u>निश्कर्ष</u>

कुनै पनि अस्पतालको गुणस्तरिय सेवाको मापन ईमरजेन्सीको सेवा सुविधाबाट हुने भएकोले यहाँको ईमरजेन्सी विभाग पनि पुर्ण क्षमतामा काम गर्न सधै अग्रसर छ र भइरहनेछ। स्वास्थ्य बीमा लागु भए पश्चात विरामि बढ्ने हुनाले हामी यस विभागलाई चुस्त बनाउन लागिपर्नु पर्ने छ। ईमरजेन्सी टिम विरामिको हितका लागि सधैं तत्पर छ र यस अस्पताललाई समग्र रुपमा अघि वढाउन महत्तवपुर्ण योगदान दिने छ।

बहिरंग स्वास्थ्य सेवा

१.<u>पृष्ठभुमी</u>

साविक लेखनाथ सामुदायिक लायन्स अस्पताललाई गण्डकि प्रदेश मन्त्री परिषदको निर्णय वमोजिम गण्डकि प्रदेश मातहतमा ल्याई २०७०/०४/०१ देखि यस अस्पताल प्रादेशिक अस्पतालको रुपमा संचालन भइरहेको छ। जसमा बिभिन्न विभागहरु संचालनमा रहेका छन्। यी विभागहरु मध्ये वहिरंग विभागले यस भेगका विरामीहरुलाई सेवा पुर्याउँदै आएको छ। यस विभागले विभिन्न रोगहरु तथा अवस्थाहरुको उपचार गर्ने, रेफर गर्ने, भर्ना गर्ने कार्य गरिरहेको छ। अस्पतालमा विहान १० वजे देखि वेलुका ५ वजेसम्म ओ.पि.डि. सेवा संचालन हुंदै आइरहेको छ। साथै Internal Medicine तथा MDGP का विशेषज्ञ चिकित्सकहरुबाट समेत सेवा प्रदान गरिदै आइएको छ|

OPD	MALE	FEMALE	TOTAL
SHARWAN 2081	236	300	836
BHADRA 2081	266	259	525
ASHWIN 2081	305	329	634
KARTIK 2081	497	490	987
MANGSIR 2081	324	296	620
POUSH 2081	322	374	696
MAGH 2081	370	383	456
FALGUN 2081	335	332	667
CHAITRA 2081	501	444	945
BAISHAK 2082	371	296	667
JESTHA 2082	325	981	1306
ASAR 2082	1041	949	1990

Top 10 Diseases मा निम्न रोगहरु रहेका छन्।

S. N	Diseases
1.	Fever
2.	SoftTissue Injury
3.	UTI
4.	URTI

5.	Abdominal Pain
6.	LRTI
7.	COPD
8.	HTN
9.	Diabetes
10	Animal Bite

२०८१/२०८२ मा बहिरंग विभागमा सेवा लिन आउनु भएका सेवाग्राही को विवरण



कर्मचारीहरु :

DR. BINAYA PANGYANI **DR. SANJAYA SAPKOTA**



DR. SHASHANK BHATTARAI **DR. AASWASTHA KAFLE**

DR. JHARNA ACHARYA **DR. RAJAN SHAH**

DR. NAWARAJ BHUGAI **DR. SUBARNA GIRI**

२.काम कर्तव्यहरु

- वहिरंग विरामिहरुको परिक्षण गर्ने।
- विभिन्न किसिमका घउचोटको उपचार गर्ने।
- विरामिहरुलाई उपचारका क्रममा अन्तर विभाग रेफर गर्ने।
- विरामिलाई आबश्यकता अनुसार डिस्चार्ज, भर्ना तथा रेफर गर्ने।
- रेकर्डिङ् रिपोर्टिङ् गर्ने।
- विभागमा रहेका उपकरणको उचित प्रयोग गर्ने तथा अभिलेख राख्ने।
- औषधि उपकरणको इन्भेन्टोरी राख्ने।

चुनौतिहरु

- कर्मचारीहरु पर्याप्त नहुनु।
- करारका कर्मचारीहरुको frequent turnover हुनु।
- परिक्षण कोठा सानो भएकोले काम गर्न गाह्रो भएको।
- वहिरंग विभाग केन्द्रित कर्मचारीको अभाव हुनु।

सुधार गर्नुपर्ने पक्षहरु

- आवश्यक कर्मचारी थप गर्नु पर्ने।
- कर्मचारीहरुको frequent turnover कम गर्ने।
- आवश्यक उपकरणहरु तथा थप कोठाहरुको व्यवस्थापन गर्नु पर्ने।

निश्कर्ष

कुनै पनि अस्पतालको गुणस्तरिय सेवाको लागि वहिरंग विभागको सेवा सुविधा चुस्त हुनु पर्ने भएकोले यहाँको वहिरंग विभाग पनि पुर्ण क्षमतामा काम गर्न सधै अग्रसर छ र भइरहनेछ। स्वास्थ्य बीमा लागु भए पश्चात विरामि बढ्ने हुनाले हामी यस विभागलाई चुस्त बनाउन लागिपर्नु पर्ने छ।

वहिरंग विभागको टिम विरामिको हितकालागि सधैं तत्पर छ र यस अस्पताललाई समग्र रुपमा अघि वढाउन महत्तवपुर्ण योगदान दिने छ।

डायलाईसीस सेवा

१.पृष्ठभूमि :

यस अस्पतालमा हेमोडायलायसिस् विभाग मिति २०८०/०४/२२ देखि संचालनमा आएको हो | यस अस्पतालमा सुरुवात देखि नै प्रदेश सरकारको विनियोजित बजेटबाट मृगौला फेल भएका विरामीहरुलाई निशुल्क हेमोडायलायसिस् सेवा प्रदान गर्दै आइरहेको र मिति २०८१/०२/१६ गते नर्सिङ् तथा सामाजिक सुरक्षा महाशाखा, टेकुसँग विपन्न नागरिक औषधि उपचार कोष कार्यक्रमका लागि सम्झौता गरि सोहि दिन देखी उक्त कार्यक्रम अन्तर्गत निशुल्क हेमोडायलायसिस् सेवा प्रदान गर्दै आइरहेको छ |

मिति २०८०/०४/२२ गते हेमोडायलायसिस् सेवा सुरु गर्नु पुर्व नै यस अस्पतालमा १३ शैया को सामान्य हेमोडायलायसिस् गर्ने विरामीहरुको लागि र ४ शैयाको सेरोपोजेटिभ विरामीहरुको लागि भौतिक पूर्वाधारहरुको तयारी गरिएको हो | दुई जना विरामीहरुको हेमोडायलायसिस् गरि सुरु गरिएको यस विभागले असार महिनाको अन्त्य सम्म आइपुग्दा ८९ जना विरामीहरुलाई सेवा प्रवाह गर्न सफल भएको छ |

२.परिचयः

मानिसको शरीरमा भएको २ वटै मृगौलाले कुनै पनि कारणले गर्दा काम गर्न बन्द भएको अवस्था लाई मृगौला फेल भएको भनिन्छ | मृगौला फेल भए पश्चात मृगौलाले शरीरबाट अत्यधिक भएको पानीको मात्रा, फोहोर र दुषित पदार्थहरु शरीर बाहिर फाल्न सक्दैन | यस अवस्थामा Renal Replacement Therapy (RRT) को आवश्यकता पर्दछ | RRT को विभिन्न मोडालिटीहरु मध्य हेमोडायलायसिस् एक हो | हेमोडायलायसिस् भनेको डायलायसिस् मेसिनको प्रयोग गरि विरामीको शरीरको रगत कुनै निश्चित समयसम्म लगातार कृत्रिम मृगौला (Dialyzer) बाट पास गराई शरीरमा अत्यधिक भएको पानीको मात्रा, फोहोर र

दुषित पदार्थहरु शरीर बाहिर फाल्ने साथै रगतमा अम्ल, क्षार, लवण र पानीको मात्रालाई सन्तुलनमा राख्ने विधि हो ।

हेमोडायलायसिस् विभागमा Pre-assessment/counselling room, उपचार कक्ष, भण्डार कोठा, स्टाफ चेन्जिंङ् कोठा, डायलायजर पुन प्रशोधन कक्ष, RO Plant area, सेरोपोजेटिभ केसको छुट्टै उपचार कक्ष, कर्मचारी/महिला/पुरुष विरामी र विरामी कुरुवाहरुको लागि छुट्टा छुट्टै शौचालय छ ।

३.हेमोडायलायसिस् विभागको महत्वः

मृगौला फेल हुनु एउटा प्रोग्रेसिभ अवस्था हो जस कारणले विश्वभरी नै १०% (>८० करोड) मानिसहरु प्रभावित भएका छन् भने नेपालमा पनि यसको प्रिभ्यालेन्स ६.०% रहेको छ । मृगौला फेल भएका विरामीहरुको संख्या बढिरहेको हुदा यो विषय दिन दिनै चुनौतीपूर्ण बन्दै गईरहेको छ । उपचारको लागि धेरै खर्च लाग्ने भएकोले यो समस्या व्यक्तिको मात्रै नभई सिंगो समाज र देशको लागि पनि चुनौतीपूर्ण बन्दै गएको छ । RRT को अन्य मोडालिटीहरुमा सजिलै उपलब्ध नहुने, अझ धेरै आर्थिक भार पर्ने, संक्रमण को जोखिम हुने आदि कारणहरुले गर्दा पनि धेरै संख्यामा विरामीहरु हेमोडायलायसिस् सेवा तर्फ आकर्षित भएका छन् ।

४.हेमोडायलायसिस् विभागको उद्देश्यहरु :

यस विभागले मृगौला फेल भएका विरामीहरुको उचित उपचारको सुनिश्चितताको लागि निम्न अनुसारको उद्देश्यहरु राखेको छ ।

- २४ सै घण्टा हेमोडायलायसिस् सेवा संचालन गर्ने ।
- हेमोडायलायसिस् सेवा प्रभावकारी बनाउने ।
- गुणस्तरीय, सुरक्षित र संक्रमणरहित सेवा प्रवाह गर्ने ।
- सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्ने ।
- सर्वसुलभ पहुँचमा सेवा प्रदान गर्ने ।

५.मुख्य उपलब्धिहरु :

आ.ब. ०८१/०८२ मा हेमोडायलायसिस् विभागमा भएका उपलब्धिहरु निम्न अनुसार रहेका छन् ।

- हेमोडायलायसिस् विभागका लागी मात्र १ जना छुट्टै विशेषज्ञ चिकित्सक (Internal medicine) को व्यवस्था गरिएको ।
- चिकित्सक, नर्स, कार्यलय सहयोगी लगायतका कर्मचारीहरुको नयाँ भर्ना गरि सेवा अवधि थप गरिएको ।
- सेरोपोजेटिभ विरामीहरुको लागि ४ शैयाको छुट्टै हेमोडायलायसिस् वार्डको व्यवस्था गरी सेरोपोजेटिभ विरामीहरुको लागी गण्डकी प्रदेशको एक मात्र हेमोडायलायसिस् सेन्टरका रुपमा नियमित संचालनमा आएको ।
- गण्डकी प्रदेशका अन्य अस्पतालहरुबाट पठाईएका नर्सिंग कर्मचारीहरुलाई हेमोडायलायसिस् सम्बन्धि ३ महिनाको तालिम प्रादेशिक स्वास्थ्य तालिम केन्द्रको आयोजनामा सफलतापुर्वक संचालन गरिएको ।
- हेमोडायलायसिस् मेसिन, डायलायजर पुन प्रशोधन गर्ने मेसिन तथा RO Plant मा आएको समस्याहरु समाधान गर्न बायोमेडिकल टेक्निसियनको व्यवस्था गरिएको ।
- समयमै मेसिनमा आएको समस्याहरु समाधान भएको ।
- हेमोडायलायसिस् सम्बन्धि विषयहरुमा सि.एम.ई.(CME) कार्यक्रम संचालन गरिएको ।
- हेमोडायलायसिस् सेवा प्रवाह गर्न Electronic Medical Record System को पूर्ण प्रयोग गरिएको ।
- विपन्न नागरिक औषधि उपचार कोषमा सामान्य र सेरोपोजेटिभ केसको लागि सुचिकृत भई सेवा प्रदान गरेको ।
- तीन सिफ्ट सम्मको हेमोडायलायसिस् सेवा साथै २४ सै घण्टा इमर्जेन्सी डायलायसिस् सेवा प्रदान गरेको ।
- तीन महिने हेमोडायलायसिस् तालिम प्राप्त नर्सिङ् कर्मचारीहरुद्वारा सेवा प्रवाह गरिएको ।
- हेमोडायलायसिस् विभागको लागि अत्यावश्यक पर्ने आई.सि.यु. सेवाको लागी २ जना तालिमप्राप्त नर्सिङ् कर्मचारीहरुको व्यवस्था गरिएको ।
- विरामीहरुलाई विभिन्न विषयमा परामर्श गरिएको ।

- ल्याब जाचको लागि विनियोजित बजेटवाट खर्च हुने गरि विरामीहरुको मासिक रुपमा गरिने रगत जाच निःशुल्क गरिएको ।
- हेमोडायलायसिस् को विकल्पको रुपमा रहेको पेरिटोनियल डायलायसिस् सम्बन्धि परामर्श सेवा प्रदान गरिएको ।

६.कर्मचारीहरु :

यस हेमोडायलायसिस् विभागमा कार्यरत कर्मचारीहरुको विवरण यस प्रकार छः

१	कन्सल्टेन्ट जनरल फिजिसियन	१ जना
२	मेडिकल अधिकृत	५ जना
३	अस्पताल नर्सिङ् निरीक्षक / स्टाफ नर्स	२ / २० जना
४	ल्याव टेक्निसियन	२ जना
५	फार्मेसी सहायक	२ जना
६	रेडियोग्राफर	२ जना
७	हेल्थ असिस्टेन्ट	१ जना
८	हलुका सवारी चालक	१ जना
९	कार्यालय सहयोगी	१२ जना

७.गुणस्तर र आश्वासन :

- **सेवा लिने प्रक्रिया :**

- अस्पतालमा प्रत्यक्ष सम्पर्क गरि हेमोडायलायसिस् सेवाको लागि सिस्टममा दर्ता गरेर प्रतिक्षारत विरामीहरुको सुचिको पालोमा राखिन्छ ।
- दर्ता मिति अनुसारको पालो गरि विरामीलाई फोन सम्पर्क गरेर अस्पताल बोलाई बिशेषज्ञ चिकित्सकसंग भेट गराएर आवश्यक चेक जाचहरु गरि केस स्क्रिनिङ् गरिन्छ ।
- विरामी र विभागको उपयुक्त समय तालिका मिलाएर हेमोडायलायसिस् सेवा सुरु गरिन्छ ।

- **परामर्श** : डायलायसिस् गर्ने समय/तालिका, खाना तथा पानी, औषधि, खोप, स्वःस्याहार, मृगौला प्रत्यारोपण, नियमित स्वास्थ्य परीक्षण, जटिल अवस्थाहरु र इमर्जेन्सी अवस्थाहरुको वारेमा परामर्श गरेको |
- **सेवा प्रवाह** : विरामीहरुको संख्या अनुसार ३ सिफ्टमा विभाजन गरि सेवा प्रवाह गरेको |
- **संक्रमण रोकथाम तथा नियन्त्रण** : आवश्यकता अनुसारको सुरक्षाका सामाग्रीहरु (पी.पी.ई.) प्रयोग गरेको सोहि अनुरुप संक्रमण रोकथाम तथा नियन्त्रण को लागि साबधानिका उपायहरु अपनाएको |
- **ब्यबस्थापन** : हेमोडायलायसिस् सेवा चुस्त र दुरुस्त राख्न आवश्यक सामाग्रीहरुको प्रबन्ध गर्नुको साथै शाखाको सरसफाईमा विशेष ध्यान दिएको |
- **निर्देशन र पालना** : माथिल्लो निकायको निर्देशन अनुसार कामकाज गर्ने गरेको|

८.उपकरणहरु :

- डायलायसिस् मेसिन — २४ थान
- RO Plant (१००० LPH) – ५ थान
- Iron Removal Plant
- डायलायजर पुन प्रशोधन गर्ने मेसिन — १ थान
- Cardiac Monitor – ५ थान
- Defibrillator – १ थान
- ECG machine – १ थान
- Mechanical ventilator – १ थान
- Electric suction machine – १ थान
- Wall oxygen supply/ oxygen cylinders/Concentrators
- Nebulizer -१ थान
- BIPAP Machine – १ थान
- Fridge – २ थान
- AC
- Syringe pump- २ थान
- Infusion pump- २ थान

९. आ.व. ०८१ /०८२ मा हेमोडायलायसिस् सेवा लिन आउनुभएका सेवाग्राहीहरुको विवरण

क. लिंग अनुसार जम्मा विरामी संख्या विवरण :

DAILYSIS SERVICE UTILIZATION

DAILYSIS	MALE	FEMALE	TOTAL
SHARWAN 2081	44	32	76
BHADRA 2081	41	30	71
ASHWIN 2081	41	30	71
KARTIK 2081	53	32	85
MANGSIR 2081	53	32	85
POUSH 2081	56	35	91
MAGH 2081	56	63	92
FALGUN 2081	56	37	93
CHAITRA 2081	52	39	91
BAISHAK 2082	48	42	90
JESTHA 2082	50	37	87
ASAR 2082	50	39	89

आ.व. ०८०/०८१ को श्रावण २२ गते सुरु गरिएको हेमोडायलायसिस् सेवामा ६ जना पुरुष र ७ जना महिला विरामीहरुले निःशुल्क सेवा लिनुभएको थियो भने विरामीहरुको संख्या थप्दै ०८२ असार महिनामा ५० जना पुरुष र ३९ जना महिला विरामीहरुलाई सफलतापूर्वक हेमोडायलायसिस् सेवा प्रवाह गरिएको थियो |

ख.जातिगत आधारमा आ.व २०८१/८२ मा डायलाइसिस सेवा लिएका विरामीको विवरण

सि.न.	जातिगत कोड न.	सेवाग्राही सङ्ख्या
१	दलित (१)	२७
२	जनजाती(२)	६६
३	मधेसी(३)	०
४	मुस्लिम(४)	०
५	ब्राह्मण/क्षेत्री (५)	२२
६	अन्य (६)	२

हेमोडायलायसिस् सेवामा आबद्ध विरामीहरुको जातिगत विवरण विश्लेषण गर्दा सबैभन्दा धेरै जनजातीका विरामीहरु रहेको देखिन्छ ।

ग. आ.व २०८१/८२ मा डायलायसिस् गरेका विरामीहरुको उमेर समूह अनुसारको विवरण :



२०८१ असार महिनामा डायलायसिस् गरेका विरामीहरुको उमेर समूह अनुसारको विवरण बमोजिम सबैभन्दा धेरै प्रभावित ६० देखि ६९ उमेर समूह र सबैभन्दा कम ७० देखि ७९ उमेर समूहको विरामीहरुले हेमोडायलायसिस् सेवा लिदै आइरहेका छन् ।

घ.मासिक सेसन संख्या विवरण





विरामीको मासिक सेसन संख्या विवरण अनुसार सबैभन्दा धेरै हेमोडायलायसिस् सेवाको सेसन (८३९ सेसन) अषार महिनामा र सबैभन्दा कम (६२१ सेसन) भाद्र महिनामा भएको देखिन्छ ।

ङ. डायलायसिस् गरेका Chronic Kidney Disease (CKD) stage V का विरामीहरुको कोमोर्बिडिटी अवस्थाहरुको विवरण :



डायलायसिस् गरेका CKD stage V का विरामीहरुको कोमोर्बिडिटी अवस्थाहरुको विवरण अनुसार सबैभन्दा धेरै उच्चरक्तचापका विरामीहरु (४६ जना) भएको र सबैभन्दा कम (१ जना) एच.आइ.भि का विरामीहरु रहेको छ । अन्यमा रक्तअल्पता १ जना र Systemic lupus erythematosus (SLE) १ जना पर्दछन् ।

च. इमर्जेन्सी डायलायसिस् सेसन को विवरण :



यस अस्पातालमा डायलायसिस् सुची (Schedule) मा परेका विरामीहरु बाहेक अन्य विरामीहरुले इमर्जेन्सी डायलायसिस् सेवा लिन आउने विरामीहरुको सेसनको विवरण अनुसार सबैभन्दा बढि (१५ सेसन) कार्तिक र मङ्सिर महिनामा भएको छ भने सबैभन्दा कम (३ सेसन) चैत्र महिनामा भएको देखिन्छ |

छ.सेरोपोजेटिभ केसको डायलायसिस् सेसन विवरण :



यस अस्पतालमा सेरोपोजेटिभ केसको हेमोडायलायसिस् सेवा पौष महिनामा १ जना विरामी (हेपाटाइटिस सि पोजेटिभ) को ७ सेसन गरि सुरुवात गरिएको थियो भने अषार महिनामा सबैभन्दा धेरै (२९ सेसन) सेवा प्रदान गरिएको थियो |

ज.आ.व. ०८१ /०८२ को हेमोडायलायसिस् सेवाको Outcome/परिणाम विवरण :

सि.न.	परिणाम	सेवाग्राही सङ्ख्या
१	रेफर	४
२	मृत्यु भएका बिरामी	१४
३	रेनल ट्रान्सप्लान्ट (मृगौला प्रत्यारोपण)	२

गत आ.व. अन्त्य सम्ममा उपचारात्मक विरामीको संख्या ११७ जना थियो भने विरामीहरुको घरपायक पर्ने स्वास्थ्य संस्थामा रेफर भई जाने विरामीहरुको संख्या ४ जना रहेको छ | २ जना पुरुष विरामीहरुको सफलतापूर्वक मृगौला प्रत्यारोपण भएको छ भने

विभिन्न कारणले गर्दा यस अस्पताल लगायत अन्य अस्पताल र आफ्नै निवासमा गरी जम्मा १४ जना विरामीहरुको मृत्यु भएको देखिन्छ ।

११. चुनौतिहरु :

- नेफ्रोलोजिष्ट उपलब्ध नभएको
- छोटो समयमै स्टाफ turn over भइरहेको
- Multidisciplinary team को अभाव
- बिरामी र डिउटी मा रहेका स्टाफहरु साथै सामग्रीको सुरक्षा का लागी सुरक्षा गार्ड नभएको

१२. भावी योजना :

- २५ शैयाको हेमोडायलायसिस् विभाग पूर्ण रुपमा संचालन गर्ने ।
- दक्ष जनशक्तिको व्यबस्थापन गर्ने ।
- माथिल्लो निकायमा Part B घोल्ने मेसिन ल्याउन पहल गर्ने ।
- आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने ।
- Quality care को सुनिश्चितता गर्ने ।
- नर्सिङ् कर्मचारीहरुको ३ महिने हेमोडायलायसिस् तालिम संचालन निरन्तरता गर्ने ।
- पेरिटोनियल डायलायसिस् सेवा र तालिम संचालन गर्ने ।

१३. निष्कर्ष :

मृगौला फेल भएका विरामीहरुको संख्या दिन दिनै बढिरहेको र अन्य RRT को मोडालिटीहरुमा सेवा लिन लामो समय लाग्ने, झन्झटिलो हुने अवस्थामा हेमोडायलायसिस् सेवा विरामीहरुको लागि जीवन जिउने आधार बनिरहेको छ । त्यसैले सहजै उपलब्ध हुने, सुरक्षित र प्रभावकारी हेमोडायलायसिस् सेवा प्रवाह गरि स्वास्थ्य क्षेत्रमा हेमोडायलायसिस् विभागले महत्वपूर्ण योगदान पुर्याएको छ ।

१४. हेमोडायलायसिस् विभागको केहि झलकहरु :

प्रयोगशाला सम्बन्धि सेवा

पृष्ठभूमि :

यस प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालको स्थापना २०७७/०४/०१ गते भएको थियो। यस भन्दा पहिला यस अस्पताल लेखनाथ समुदायिक लायन्स अस्पताल को रुपमा परिचित रहेको थियो।

चिकित्सा विज्ञानको अभिन्न अंगका रुपमा उदीयमान क्षेत्र हो, मेडिकल ल्याबरोटरी साइन्स। बिरामीको उपचारपूर्व रोगको सही पहिचान (निदान) एवम् शारीरिक कार्यप्रक्रिया बुझ्न चिकित्सकले विभिन्न किसिमका जाँचको सहयोग लिनुपर्ने हुन्छ। कारक तत्व र यससँग सम्बन्धित परिवर्तनको लेखाजोखा गरेर मात्र रोगको सही उपचार सम्भव छ। सामान्य भाषामा विभिन्न किसिमका शारीरिक जाँच गर्ने र त्यसबाट प्राप्त नतिजालाई उपचार पद्दतिमा समावेश गर्नुलाई निदान भनिन्छ, जुन मेडिकल प्रयोगशाला विज्ञानको कार्यक्षेत्र हो। विज्ञानको विकाससँगै भएको आधुनिकीकरण र विश्वव्यापीकरणले मेडिकल ल्याबरोटरी साइन्स अहिलेको सर्वाधिक चर्चा र महत्व बोकेको क्षेत्रमा पर्दछ।

संक्रामक रोगको बिगबिगी र उपचार पद्दतिको अभावका कारण कैयौं व्यक्तिले अकालमै मृत्युवरण गर्नुपर्ने अबस्था छ। कैंयौं बिरामी पर्ने र मृत्युसमेत हुने स्वाइन फ्लु, वर्डफ्लू, डेंगु ,इन्सेफलाइटस र कोरोना जस्ता रोगको समयमै पहिचान गर्न सके मात्र उपचार भई रोग निको हुने अवस्था सिर्जना

गर्न सकिन्छ। तत्काल सही रुपमा संक्रामक तत्वको पहिचान गरी आवश्यक औषधि सुझाउनु सबै प्रयोगशाला विज्ञानको अहिलेको चुनौती हो।

प्रयोगशाला विभागको महत्त्व :

- कुनैपनि रोग लाग्नुमा शरीरको कार्यप्रक्रिया र त्यसमा असर गर्ने बाह्य तत्वको मुख्य भूमिका हुन्छ । समयमा नै कारक तत्वको पहिचान गर्न सके रोगको सही व्यवस्थापन भई अनावश्यक शारीरिक, मानसिक र आर्थिक समस्याबाट छुटकारा पाउन सकिन्छ ।
- चिकित्सा प्रयोगशाला विज्ञान आफैंमा जटिल र विविधतायुक्त क्षेत्र हो ।
- प्रयोगशालामा हुने विभिन्न किसिमका जाँचको भिन्नाभिन्नै विशेषता र महत्व हुने भएकाले एउटै जाँचबाट सबै किसिमका रोग पहिचान हुन सक्दैन । एउटै जाँचको पनि विभिन्न रोगमा छुट्टाछुट्टै मुल्यांकन र विश्लेषण हुने भएकाले यसमा बढी नै विशेषज्ञताको आवश्यकता पर्दछ ।
- सही समयमा सही प्रकारको जाँच गरेमा त्यसबाट प्राप्त नतिजाले रोगको यथार्थ धरातलमा पुऱ्याउन मद्दत गर्छ ।
- रगतमा हुने जाँच र अन्य नमुना जस्तै खकार, दिसा–पिसाबमा हुने जाँचहरूको आ–आफ्नै विशेषता हुन्छन् ।
- आम मानिसमा प्रयोगशालाजन्य जाँच भन्नाले एउटै जाँच भन्ने मानसिकता पाइन्छ । तर यथार्थमा त्यसो नभई यसभित्र सयौं एवंम् हजारौं प्रकारका जाँच छन् भन्ने बुझनुपर्छ ।
- वर्तमान परिप्रेक्ष्यमा विभिन्न किसिमका खतरनाक र नयाँ–नयाँ रोगको विकास/उत्पत्ति भएसँगै यसको पहिचान र सही व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ ।
- संक्रामक रोगको बिगबिगी र उपचार पद्दतिको अभावका कारण कैयौं व्यक्तिले अकालमै मृत्युवरण गर्नुपर्ने अबस्था छ । कैंयौं बिरामी पर्ने र मृत्युसमेत हुने स्वाइन फ्लु, वर्डफ्लू, डेंगु ,इन्सेफलाइटस र कोरोना जस्ता रोगको समयमै पहिचान गर्न सके मात्र उपचार भई रोग निको हुने अवस्था सिर्जना गर्न सकिन्छ ।
- तत्काल सही रुपमा रोगहरुको पहिचान गरी आवश्यक औषधि सुझाउनु प्रयोगशाला विज्ञानको अहिलेको चुनौती हो ।

प्रथोगशाला विभागको उदेश्य :

- तत्काल सही रुपमा कारक तत्वको पहिचान गरी आवश्यक औषधि सुझाउनु प्रयोगशाला विभागको मुख्य उदेश्य हो ।
- बिरामीहरुका लागी सहज, सरल र गुणस्तरीय सेवा प्रवाह गर्ने।
- अस्पतालको समग्र सेवा प्रवाहमा टेवा पुर्याउनु ।

हाम्रा सेवाहरु :

- २४ सै घण्टा प्रयोगशाला सेवा ।
- रगतमा ,खकार, दिसा–पिसाबमा हुने जाँचहरु सम्बन्धि सेवा
- आधुनिक तथा अत्याधुनिक उपकरणबाट गुणस्तरीय सेवा ।
- Dengue, Malaria तथा Scrub typhus को निशुल्क सेवा ।
- नेपाल सरकारको TB कार्यक्रम अन्तर्गत निशुल्क Genexpert तथा AFB सेवा ।

हाम्रो प्रयोगशाला र उपकरणहरु:

S.N	NAME OF EQUIPMENT	QUANTITY (PCS)	REMARKS
1	MEDINIC/5 PARTS COULTER COUNTER	1/1	FUNCTIONING
2	BLOOD ROLLER MIXTURE	1	FUNCTIONING
3	OLYMPUS/MAGNUS MICROSCOPE	1/1	MAGNUS NOT FUNCTIONING
4	HYPRO MACHINE	1	FUNCTIONING
5	MISPA i3	1	FUNCTIONING
6	ESYLYTE MACHINE	1	FUNCTIONING
7	URIT /ERBA CHEM-5 SEMIAUTO	2	FUNCTIONING
8	WATER BATH	1	FUNCTIONING
9	CENTRIFUGE	3	FUNCTIONING
10	GENEXPERT MACHINE	1	FUNCTIONING
11	COLORIMETER	1	FUNCTIONING
12	YHALO CLIA MACHINE	1	FUNCTIONING
13	HOTAIR OVEN	1	FUNCTIONING

14	BIOBASE BIOSAFETY CABINATE	1	FUNCTIONING
15	REFRIGERATOR	3	FUNCTIONING
16	REFRACTO METER	1	FUNCTIONING
17	SNIBE BIOASSAYS 240 PLUS	1	FUNCTIONING
18	HORRON H-900 (ELECTROLYTE)	1	FUNCTIONING
19	HOT AIR OVAN	1	FUNCTIONING

प्रयोगशाला

नमुना संकलन युनिट

जिन ईक्सपर्ट

Fully Automated Biochemistry Analyzer

NA/K Machine

CLIA

Fully Automatic hematology Analyzer

Microscope

Coulter counter

Store room

कर्मचारीको विवरण :

क्र स	नाम	पद	सेवा	कैफियत
१	शुभद्रा दुलाल	ल्या टे नि	स्थायी	
२	प्रतिभा राजभण्डारी	ल्या टे नि	स्थायी	
३	गोमा बराल	ल्या टे	ला करार	
४	नन्द कुमारी गुरुङ	ल्या टे	ला करार	
५	सदिक्षा सुबेदी	ल्या टे	डा करार	
६	सन्दिप आचार्य	ल्या टे	डा करार	

शुभद्रा दुलाल

प्रतिभा राजभण्डारी

गोमा बराल

नन्द कुमारी गुरुङ

सन्दिप आचार्य

सदिक्षा सुबेदी

आ.ब. २०८१ /२०८२ मा प्रयोगशालाबाट प्रबाह गरिएका सेवाहरुको विवरण:

LAB SERVICE UTILIZATION

LAB SERVICE	CBC	RBS	LFT	RFT	RDT
SHARWAN 2081	269	204	88	272	185
BHADRA 2081	431	189	276	141	470
ASHWIN 2081	570	217	228	309	846
KARTIK 2081	458	203	235	189	288
MANGSIR 2081	281	132	109	204	173
POUSH 2081	186	205	97	173	72
MAGH 2081	281	185	233	78	77
FALGUN 2081	259	192	67	195	58
CHAITRA 2081	323	271	93	250	26
BAISHAK 2081	113	237	78	155	75
JESTHA 2081	22	418	128	234	72
ASAR 2081	339	375	315	87	231

DENGUE TEST

	SHARWAN	BHADRA	ASHWIN	KARTIK	MANGSIR	POUSH	MAGH	FALGUN	CHAITRA	BAISHAK	JESTHA	ASHAD
NEGATIVE	86	149	163	98	85	54	36	21	34	25	32	85
POSITIVE	13	57	85	41	14	0	0	1	1	3	2	6
TOTAL	99	206	248	139	99	54	36	22	35	28	34	91

NEGATIVE POSITIVE TOTAL

SCRUB TYPHUS TEST



	SHARWAN	BHADRA	ASHWIN	KARTIK	MANGSIR	POUSH	MAGH	FALGUN	CHAITRA	BAISHAK	JESTHA	ASHAD
TOTAL	65	76	1	76	99	5	36	0	0	0	4	64
POSITIVE	7	9	1	8	14	1	0	0	0	0	0	10
NEGATIVE	58	57	0	68	85	4	36	0	0	0	4	54

MALARIA TEST

MONTH	TOTAL	POSITIVE	NEGATIVE
SHARWAN 2081	81	0	81
BHADRA 2081	166	0	166
ASHWIN 2081	141	0	141
KARTIK 2081	74	0	74
MANGSIR 2081	23	0	23
POUSH 2081	12	0	12
MAGH 2081	6	0	6
FALGUN 2081	4	0	4
CHAITRA 2081	15	0	15
BAISHAK 2081	12	0	12
JESTHA 2081	10	0	10
ASAR 2081	57	0	57

MICROSCOPY OF TB

MICROSCOPY OF TB	TOTAL	POSITIVE	NEGATIVE
SHARWAN 2081	20	0	20
BHADRA 2081	11	0	11
ASHWIN 2081	10	0	10
KARTIK 2081	4	0	4
MANGSIR 2081	15	0	15
POUSH 2081	22	0	22
MAGH 2081	14	0	14
FALGUN 2081	9	0	9
CHAITRA 2081	19	0	19
BAISHAK 2081	12	0	12
JESTHA 2081	27	0	27
ASAR 2081	13	0	13

GENE X-PERT SERVICE

GENE X-PERT	TOTAL	POSITIVE	NEGATIVE
SHARWAN 2081	44	2	42
BHADRA 2081	11	1	10
ASHWIN 2081	0	0	0
KARTIK 2081	0	0	0
MANGSIR 2081	3	0	3
POUSH 2081	57	1	56
MAGH 2081	20	1	19
FALGUN 2081	3	0	3
CHAITRA 2081	6	1	5
BAISHAK 2081	19	1	20
JESTHA 2081	7	4	3
ASAR 2081	20	0	0

मुख्य उपलब्धिहरु :

- Fully automatic biochemistry analyser ,5 parts hematology coulter counter साथै अन्य विभिन्न अत्याधुनिक उपकरणहरु द्वारा नियमित सेवा प्रदान गरिएको ।
- EMR को पुर्ण रुपमा प्रयोग भएको ।
- उपकरणहरुको Backup का लागि थप machine हरु खरिद गरी प्रयोग मा ल्याइएको |
- २४ सै घण्टा सेवा दियिएको ।

चुनौती :

- कर्मचारीको अभावको कारण सेवा विस्तारमा समस्या ।
- Reagents and chemicals को सहज उपलब्धता नहुनु।
- समय समयमा उपकरण बिग्रनु र समयमै मर्मत नहुदा सेवाग्राही सेवा लिनबाट बन्चित हुनु ।
- सम्पूर्ण उपकरणहरुको Backup नहुदा सेवाप्रवाहमा कठिनाई भएको ।

भावि योजना :

- थप उपकरणका लागी माथिल्लो निकायमा पहल गर्ने ।
- थप दक्ष्य जनशक्ति को व्यवस्थापन गरी सेवा बिस्तार गर्ने ।
- प्रयोगशाला को लागी थप कक्षहरु छुट्याउदै मैक्रोबायोलोजी सेवा तथा थाईराईड जाच सम्बन्धि सेवा संचालन गर्ने |
- BloodBank संचालनको लागि प्रयोगशालामा आवस्यक दक्ष्य जनशक्ति तथा उपकरणको व्यवस्था गर्ने |

निष्कर्ष :

रोगपछि उपचार गर्नुभन्दा, रोग लाग्न नदिनु नै वेश हुन्छ। सही पहिचान भएमा रोग लागिसकेपछि पनि अनावश्यक झन्झट र समस्याबाट छुटकारा पाउन मद्दत हुन्छ। सही समयमा सही प्रकारको जाँच गरेमा त्यसबाट प्राप्त नतिजाले रोगको यथार्थ धरातलमा पुऱ्याउन मद्दत गर्छ त्यसैले प्रयोगशालामा विध्यमान समस्या समाधान गरेर प्रयोगशालालाई सबल बनाउदा सम्पुर्ण अस्पतालको सेवा प्रभावकारी रुपमा सञ्चालन हुने गर्दछ।

फार्मेसी सेवा

पृष्ठभूमि

साविक लेखनाथ समुदायिक लायन्स अस्पताललाई गण्डकी प्रदेश मन्त्रिपरिषदको निणॅय बमोजिम गण्डकी प्रदेश मातहतमा ल्याई २०७७/०४/०१ गते देखि यस अस्पतालको रुपमा संचालन भईरहेको छ। यस अस्पातलमा बिभिन्न विभागहरु संचालनमा छ। सबै विभागहरू मध्ये फार्मेसी विभाग पनि एक हो।

फार्मेसी विभाग भर्ना र बाहिरका बिरामीलाई सेवा प्रदान गर्दछ। नेपाल सरकारले उपलब्ध गराएको अत्यावश्यक औषधी बिरामीलाई निःशुल्क उपलब्ध गराइन्छ, र टेन्डर प्रक्रियाबाट खरिद गरिने औषधि पनि विरामीलाई प्रिस्क्रिप्शन अनुसार दिइन्छ।

डिस्पेन्सिङको साथसाथै, दक्ष र प्रशिक्षित फार्मासिस्ट र सहायक फार्मासिस्टले औषधि र चिकित्सा उपकरणहरूको उपयुक्त प्रयोगको बारेमा परामर्श प्रदान गर्दछ। हामी बिरामीलाई विशेष औषधी देखाउने साइड इफेक्टको बारेमा पनि सचेत गराउँछौं। औषधि-औषधिको इन्ट्र्याक्सन र औषधिको खानाको इन्ट्र्याक्सन पनि बिरामीलाई जानकारी दिइन्छ |

फार्मेसी विभागको उदेश्य :

अस्पताल फार्मेसी भनेको स्वास्थ्य सेवा हो, जसमा औषधि र चिकित्सा उपकरणहरू छनौट गर्ने, तयारी गर्ने, भण्डारण गर्ने, र वितरण गर्ने, बिरामी, डाक्टर, नर्सहरू र अन्य स्वास्थ्य सेवा पेशेवरहरूलाई तिनीहरूको सुरक्षित, प्रभावकारी र प्रभावकारी बनाउन सल्लाह दिने कला, अभ्यास र पेशा समावेश छ।

फार्मेसी विभागको लक्ष्य तल सूचीबद्ध गरिएको छ|

- औषधि व्यवस्थापन
- रोगी सुरक्षा
- क्लिनिकल समर्थन
- शिक्षा

- नियामक अनुपालन(Regulatory compliance)
- फार्माकोथेरापी अनुकूलन
- लागत प्रभावकारिता
- औषधि मेलमिलाप(Reconciliation)
- गुणस्तर सुधारहरू
- औषधिको आपतकालीन तयारी
- रोगी परामर्श(Patient counseling)
- अन्य स्वास्थ्य सेवा पेशेवरहरूसँग सहकार्य

फार्मेसी विभागको महत्व:

औषधिको सुरक्षित र प्रभावकारी प्रयोग सुनिश्चित गरेर स्वास्थ्य सेवामा फार्मेसी र फार्मेसी सेवाहरूले महत्त्वपूर्ण भूमिका खेल्छन्। फार्मासिस्टहरू औषधि व्यवस्थापनमा विशेषज्ञहरू हुन्, आवश्यक सेवाहरू प्रदान गर्ने जस्तै प्रिस्क्रिप्शनहरू वितरण गर्ने, बिरामीहरूलाई उचित औषधि प्रयोगमा सल्लाह दिने, र औषधि अन्तरक्रिया र साइड इफेक्टहरूको लागि निगरानी,तिनीहरूले व्यक्तिगत हेरचाह र सल्लाह प्रदान गरेर, पुरानो रोग व्यवस्थापनमा सहयोग गरेर, र खोपहरू जस्तै निवारक स्वास्थ्य उपायहरू प्रवर्द्धन गरेर सुधारिएको बिरामीको नतिजामा योगदान पुऱ्याउँछन्। फार्मेसी सेवाहरूले सामुदायिक सेटिङहरू र अस्पताल दुवैमा महत्त्वपूर्ण समर्थन प्रदान गर्दै स्वास्थ्य सेवाको पहुँचलाई पनि बढाउँछ। औषधिहरूको सही प्रयोग सुनिश्चित गरेर, फार्मासिस्टहरूले स्वास्थ्य सेवा लागत घटाउन र बिरामी हेरचाहको समग्र गुणस्तर सुधार गर्न मद्दत गर्छन्।

फार्मेसी र फार्मेसी सेवाहरू स्वास्थ्य सेवा प्रणालीको अभिन्न अंग हुन्, जसले बिरामीहरू र औषधिहरूको जटिल संसार बीचको पुल प्रदान गर्दछ। फार्मासिस्टहरू उच्च प्रशिक्षित पेशेवरहरू हुन् जसले यो सुनिश्चित गर्दछ कि बिरामीहरूले उपयुक्त खुराकहरूमा सही औषधिहरू प्राप्त गर्छन्, जसले गर्दा औषधि त्रुटिहरू रोक्न सक्छ जसले प्रतिकूल प्रभावहरू वा उपचारको प्रभावकारिता कम गर्न सक्छ। औषधिहरू वितरण गर्नुबाहेक, फार्मासिस्टहरूले बिरामी शिक्षामा महत्त्वपूर्ण भूमिका खेल्छन्, कसरी औषधिहरू सही रूपमा लिने भनेर व्याख्या गर्दै, निर्धारित आहारहरूको पालनाको महत्त्व, र सम्भावित साइड इफेक्टहरू हेर्नको लागि। यो व्यक्तिगत परामर्शले बिरामीहरूलाई उनीहरूको स्वास्थ्य अवस्था राम्रोसँग व्यवस्थापन गर्न र उनीहरूको उपचारको गहिरो बुझाइलाई बढावा दिन्छ।

कर्मचारीहरुः

मिल्टन त्रिपाठी



मनकामना गौतम

अनिशा श्रेष्ठ

शर्मिला ज्ञवाली

एलिना शर्मा

भविष्यको योजना:

- बाउन्स प्रिस्क्रिप्शनको दर घटाउने|
- प्रभावकारी औषधि खरिदका लागि अस्पताल समिति र व्यवस्थापनसँग समन्वय गर्ने|
- सस्तो दरमाऔषधि उपलब्ध गराउने |
- म्याद सकिएको औषधिको अनुपात घटाउने|
- स्टोर व्यवस्थापन |
- भ्याक्सिन र अन्य औषधिहरूको नियमित तापक्रम निगरानी गर्ने जुन फ्रिजमा स्ट्रोर गर्नुपर्छ|
- मासिक आधारमा स्टक गणना|
- अस्पतालको औषधिको सूची तयार गर्ने|
- जीवन बचाउने औषधिको अभाव भएमा छिटो खरिद प्रक्रिया प्रबन्ध गराउने|

फार्मेसीको मासिक आय:



निष्कर्ष

अस्पताल फार्मेसी स्वास्थ्य सेवा सिस्टमको एक महत्वपूर्ण आधार हो, र स्वास्थ्य सेवा अभ्यासहरूमा उत्कृष्टता र निरन्तर सुधारको लागि फार्मेसीको महत्वपूर्ण भूमिका रहन्छ।

रेडियोलोजी सेवा :

एक्स-रे / USG सेवाः

पृष्ठभूमि :

विक्रम सम्बत् २०६० साल फाल्गुन १७ गतेदेखि २४ गतेसम्म ७ दिन महायज्ञ वाचन आयोजना गरिएको थियो । त्यस महायज्ञ शिरोमणि पं. स्व. नारायण प्रसाद पोखेल ज्यु को वाचकत्वमा संचालन गरि यज्ञमा प्राप्त दान रकमबाट लेखनाथ सामुदायिक लायन्स अस्पतालको स्थापनाको पहल शुरु भएको हो । महायज्ञमा संकलन गरिएको दानवीरहरुले दिएको मुट्ठी देखि सर्वस्व दानबाट अस्पतालको भवन निर्माण गरि मिति २०६२ साल आषाढ देखि स्वास्थ्य उपचार शुचारु गरिएको थियो। २०७७ साल श्रावण महिना देखि संक्रामक तथा सरुवा रोग अस्पताल भनेर परिचित हुनु भन्दा पहिलेदेखी नै अस्पतालले स्वास्थ्य सेवामा उल्लेखनीय योगदान दिएको थियो ।

विश्वभर फैलिएर महामारीको रुप लिएको कोरोना भाइरस (COVID- 19) बाट नेपाल पनि अछुतो रहन सकेन । बढ्दै गरेको कोरोना भाइरस बाट गण्डकी प्रदेश मा पनि संक्रमितहरुको लहरो लाग्न थाले। गण्डकी प्रदेश सरकारलाई COVID- १९ महामारी लाई नियन्त्रणमा ल्याउनको लागि विभिन्न उपायहरु खोज्न धौ धौ परिरहेको थियो । यसैक्रममा मिति २०७६ साल चैत्र ३० गते आईतबारको दिन गण्डकी प्रदेश मन्त्रिपरिषद्को बैठकले पोखरा महानगरपालिका वडा न. ३०, मोहोरियामा रहेको लेखनाथ सामुदायिक लायन्स अस्पताललाई गण्डकी प्रदेश सरकारको स्वामित्वमा ल्याएर सरुवा रोग अस्पतालको रुपमा स्थापना गर्ने निर्णय गरियो । तत्पश्चात २०७७ साल श्रावण १ गते देखि संक्रामक तथा सरुवा रोग अस्पतालको रुपमा यसको सुरुवात गरिएको थियो जुन पछी गएर प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालको रुपमा हालसम्म परिचित छ ।

एक्स-रे एक सामान्य ईमेजिंग परिक्षण हो जुन विश्वमा डिसेम्वर १८९५ मा जर्मन भौतिक शास्त्री विल्हेम कोनराड रोन्टजेनले क्याथोड किरणहरुको प्रयोग गर्दा एक्स-रे पत्ता लगाए। क्याथोड रे ट्युबबाट धेरै फिट टाढा र बाक्लो कालो कार्डबोर्डले ढालिएको भए पनि उनको प्रयोगशालामा फ्लोरोसेन्ट स्क्रीन चम्कन थालेको उनले देखे र तिनीहरुको रहस्यमय प्रकृतिलाई जनाउन उनले यो अज्ञात विकिरणलाई एक्स-रे नाम दिए तत्पश्चात एक्स-रे प्रयोग हुदै आएको छ। यसले स्वास्थ्यकर्मी लाई शरीर मा घाउ विच्छेद नगरी मानब शरीरको भित्रि भागमा हेर्न मद्दत गर्दछ। एक्स-रे ले स्वास्थ्यकर्मी हरु लाई विरामीको अवस्थाहरुको निदान, निगरानी, र उपचार गर्न मद्दत गर्दछ। हाम्रो यस प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालमा अस्पतालको सुरुवातिका दिन देखि नै एक्स-रे सेवा प्रदान भईरहेको छ। यस अस्पतालको एक्स-रे विभागमा सुरक्षा र प्रोटोकोल को पालना गरि सेवा लिन आउने सेवाग्राही लाई निरन्तर रुपमा सेवा दिई रहेका छौ ।एक्स-रे प्रक्रियाहरु संग

सम्बन्धित कुनै पनि सम्भावित जोखिमहरू लाई कम गर्न विकिरणको कम मात्रामा प्रयोग गरेर मात्र बिरामीलाई चुस्त र दुरुस्त सेवा दिने प्रयास गर्दछौ।

एक्स-रे विभागको उदेश्य :

एक्स-रे को मुख्य उदेश्य चिकित्सा अवस्थाहरुको विस्तृत दायराको निदान र मद्दत गर्न शरीरको भित्रि छविहरुको उत्पादन गर्न, अस्पतालको गुणस्तरलाई सुधार गर्दै लैजाने जसले गर्दा विरामीहरुको समयमै सटिक राय दिन सक्छ। यसले बिरामीहरुको सेवा मा सूचना प्रदान गर्ने तथा उचित उपचार सुनिस्चित गर्ने गर्दछ। अस्पतालको एक्स-रे विभागमा, एक्स-रेको प्राथमिक उदेश्यहरु निम्ननुसार समावेश गरिएको छ :

- निमोनिया, फोक्सोको ट्युमर वा क्षयरोग जस्ता समस्याहरु पहिचान गर्न
- आन्द्रामा भएको अवरोध वा मृगौलाको पत्थरी जस्ता समस्याको लागि सहज गराउन
- रोगहरुको प्रगति ट्र्याक गर्दै फ्रयाक्चरहरु शरीरमा घाउ छेद विच्छेद नगरि हेर्न
- आर्थोपेडीक शल्यक्रियाको योजना र निगरानीको लागि विस्तृत ईमेजिग, हड्डीहरु निको पार्न
- २४ सै घण्टा एक्स-रे सेवा संचालन गर्ने ।
- एक्स-रे सेवा प्रभावकारी बनाउन।
- गुणस्तरीय र भरपर्दो सेवा प्रबाह गर्न।
- सेवा ग्राही लाई छिटो छरितो सेवा प्रदान गर्न ।
- सर्भसुलभ पहुँच

X-Ray विभागको महत्त्व :

एक्स-रेहरु विभिन्न चिकित्सा क्षेत्रहरुमा प्रयोग गरिन्छ, जसमा आर्थोपेडीक्स कार्डियोलोजी, दन्तचिकित्सा र ओन्कोलोजी, जस्ता क्षेत्रहरुको पर्दछन्

- एक्स-रे विभिन्न चिकित्सा अवस्था ,चोटपटक र रोगहरु को निदानको लागी बहुमुल्य उपकरण हो ।
- शरीरका हड्डी, अंग र मांसपेसी हरुको बिस्तृत छबिहरु प्रदान गर्दछ, यसले स्वास्थकर्मी हरुलाई Fractures, Tumors, Infection and Abnormalities हरुलाई पहिचान गर्न मद्दत गर्दछ।

- एक्स-रे सेवा ले स्वास्थ्यकर्मीरहरुलाई बिरामीहरुको लागी उपयुक्त उपचार गर्नका निमित्त भाचिएको, शल्यक्रिया जस्ता योजना भएमा सहजीकरण गर्दछ ।
- एक्स-रे सामान्यतया छिटो हुन्छ जसले गर्दा स्वास्थ्यकर्मी हरुलाई आपतकालीन समयमा मुल्यांकन र निर्णय लिन सहजीकरण गराउदछ ।

कर्मचारीहरु :

प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालमा एक्स-रे विभागमा कार्यरत कर्मचारीका केहि झलकहरु

सेवा र प्रक्रियाहरु (एक्स-रे सेवाको चक्र यस प्रकार रहेको छ):


prescription from ER, OPD, WARD, ICU
To X-Ray Department
Entry of details into iregister
X-Ray Done
EMR & X-Ray report Dispatched

गुणस्तर र आश्वाशन :

- **नियमित मर्मत सम्भार** : एक्स-रे मेसिनहरुको नियमित सर्भिसिंग र मर्मत सम्भार, सहि र सुरक्षित रुपमा संचालन गर्ने .
- **नियमित परिक्षण** : उपकरणको छबि गुणस्तर सुरक्ष्या जांच गर्ने, कागजात र अभिलेख राख्ने, घटना लाई रिपोर्टिंग गर्ने
- **परामर्श** : विकिरणको जोखिम सम्बन्धमा एक्स-रे गर्नुपुर्व सेवाग्राहीलाई जानकारी गर्ने ।
- **सेवा प्रवाह** : एक्स-रे सेवा प्रवाह गर्नका निमित्त सेवाग्राहीको विवरण दर्ता गर्ने , X-Ray गर्ने।
- **व्यबस्थापन** : एक्स-रे एक्स-रे सेवा चुस्त राख्न आवश्यक सामग्रीको प्रवन्ध गर्ने, शाखाको सरसफाईमा विशेष ध्यान दिने ।
- **नियम र मापदण्डको अनुपालन** : माथिल्लो निकाए को निर्देशन अनुरुपको कामकाज गर्ने ।

उपकरणहरु :

यस प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल मा भएका उपकरणहरु निम्नअनुसार रहेका छन्।

- Allenger - ५२५ X-Ray Machine
- Allenger portable Machine
- Konica Minolta semi DR X-Ray Machine
- Digital X-Ray Technology

सेवा प्रवाहमा देखिने समस्याहरु :

- समय समय मा उपकरण बिग्रनु र समयमै मर्मत नहुदा सेवाग्राही सेवा लिनबाट बन्चित हुनु ।
- इन्टरनेट समस्या को कारण सर्वशुलब सेवा दिन नपाउनु ।

मुख्य उपलब्धिहरु :

एक्स-रे विभागमा भएका उपलब्धिहरु निम्न अनुसार रहेका छन्।

- परम्परागत फिल्म आधारित प्रणालिहरुबाट डिजिटल एक्स-रे गरिएको
- Detector टेक्नोलोजीमा भएको सुधारले उच्च मूल्यांकनको सेवा प्रदान गरिएको

- विकिरणमा बिरामीलाई सकेसम्म कम राख्ने उदेश्यले नया प्रविधि र राम्रो सेवा प्रदान गरिएको
- २४ सै घण्टा सेवा प्रदान गरिएको।
- विकिरण सम्बन्धि जनचेतनामूलक कार्यक्रम (CME) संचालन गरिएको।
- एक्स-रे सेवा प्रवाह गर्नका लागि EMR कार्यक्रम को संचालन गरिएको।
- सेवा प्रवाहमा निरन्तरता को लागी बिजुली Backup को व्यवस्था गरिएको।
- Lead Apron को प्रयोग गरेर सुरक्षित एक्स-रे सेवा प्रदान गरिएको।

माथि दिईएका उपलब्धिहरुले एक्स-रे विभाग भित्र निदान क्षमता, बिरामी हेरचाह, सुरक्षामा उल्लेखनीय सुधार गरेको छ।

सेवा ग्राही लाई X-Ray सेवा प्रदान गरेका केहि रिपोर्टहरु

एक्स-रे विभागमा सेवा लिन आउनु भएका सेवाग्राही को विवरण :-

X-RAY SERVICE

X-RAY SERVICE	MALE	FEMALE	TOTAL
SHARWAN 2081	125	82	207
BHADRA 2081	134	126	260
ASHWIN 2081	194	179	373
KARTIK 2081	214	151	365
MANGSIR 2081	179	106	285
POUSH 2081	172	128	300
MAGH 2081	181	146	327
FALGUN 2081	132	123	255
CHAITRA 2081	150	146	296
BAISHAK 2082	93	87	180
JESTHA 2082	157	141	298
ASAR 2082	164	169	333



प्रस्तुत तालिका अनुसार आ.व. २०८१ - २०८२ मा एक्स-रे शाखाबाट ३४७९ जनाले एक्स-रे सेवा लिनु भएको छ | यसै गरि असोज महिनामा सबै भन्दा धेरै सेवाग्राही ३७३ जनाले सेवा लिनु भएको थियो जुन यस आ.व. को सबै भन्दा धेरै थियो। त्यसैगरि सबैभन्दा न्यून बैशाख महिनामा १८० जना रहेका थियो।

USG सेवा :

USG SERVICE UTILIZATION

MONTH	MALE	FEMALE	TOTAL
SHARWAN 2081	42	76	117
BHADRA 2081	20	37	57
ASHWIN 2081	19	37	56
KARTIK 2081	58	57	115
MANGSIR 2081	45	66	111
POUSH 2081	39	69	108
MAGH 2081	50	81	131
FALGUN 2081	79	47	126
CHAITRA 2081	54	113	167
BAISHAK 2081	117	60	177
JESTHA 2081	76	145	221
ASAR 2081	64	117	181



भावि योजना :

- कर्मचारीलाई नया प्रविधिको बारेमा प्रशिक्षण तालिम दिने
- कुशल कर्यप्रवाह व्यवस्थापन प्रणालीहरुको तालिका र बिरामीको प्रतिक्षा समय घटाउने
- विभागको डाटा EMR मा रेकर्ड गर्ने
- बिरामीको बढ्दो माग पुरा गर्न सेवाहरु विस्तार गर्ने योजना, सम्भवतः मेसिन र कोठाहरु थप गर्ने
- भौतिक फिल्महरु र रसायनहरुरको प्रयोगलाई कम गरि डिजिटल माध्यम प्रयोग गर्ने
- उपकरण को सदुपयोग गर्ने ।
- थप दक्ष्य जनशक्ति को व्यवस्थापन गर्ने ।
- नियमित रुपमा २४ सै घण्टा दिगो सेवा दिने ।
- EMR लाई पूर्ण रुपमा संचालन मा ल्याउने ।
- विभाग संचालनका सबै पक्षहरुमा दिगोपनलाई बढावा दिने

निष्कर्ष :

एक्स-रे विभागले आवश्यक इमेजिंग सेवाहरु प्रदान गरेर आधुनिक स्वास्थ्य सेवामा महत्वपूर्ण भूमिका खेलेको छ। जसले विभिन्न चिकित्सा अवस्थाहरुको सहि निदान, प्रभाकारी उपचार र बिरामीलाई राम्रो सेवा प्रदान गर्न मद्दत गर्दछ। आधुनिक प्रविधिको प्रयोगद्वारा दक्ष रेडियोलोजिस्ट र प्राबिधिकहरुले शरीरको आन्तरिक संरचनाहरुको विस्तृत छविहरु खिच्न सक्छन र समयमै उपचार गर्न मद्दत गर्दछ। डिजिटल इमेजिंग र इलेक्ट्रोनिक स्वास्थ्य रेकर्डहरुको एकीकरणले एक्स-रे विभागको दक्षता र प्रभाकारीतालाई अझ बढाएको छ त्यसैले एक्स-रे विभागहरु आधुनिक स्वास्थ्य क्षेत्रमा अपरिहार्य छन्।

सामाजिक सेवा एकाई अन्तर्गतका सेवाहरुः

प्रत्येक नगरिकलाई राज्यबाट आधारभुत स्वास्थय सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने मान्यता अनुसार २०७८ (संसोधन २०७९) मा सामाजिक सेवा एकाई स्थापना तथा संचालन निर्देशिका जारी भै अस्पतालहरुबाट सेवा संचालन हुंदै आएको छ। उक्त निर्देशिकाले अति गरिव, असहाय, अपाङ्गता भएका (परिचय पत्र बाहक) व्यक्ति, जेष्ठ नागरिक (परिचय पत्र बाहक), लैङ्गिक हिंसा पिडित, प्राकृतिक प्रकोप (महामारी, भुकम्प, बाढी, पहिरो, आगलागी आदि)बाट पिडित गरिव तथा विपन्न आकस्मिक विरामी, सिमान्तकृत तथा लोपोन्मुख आदिवसी जनजाती आदिलाई निशुल्क तथा आंसिक छुट दिई सेवा प्रदान गर्ने व्यवस्था गरेको छ। त्यस्तै सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पताल प्रमुख वा निर्देशकको संयोजकत्वमा १० सदस्यीय सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिती गठन गरी उक्त समितिले संघ, प्रदेश तथा स्थानिय तहबाट प्राप्त अनुदान रकम तथा आन्तरिक श्रोत मध्यबाट कम्तिमा १० प्रतिशत रकम समेत एउटै डालोमा राखि वर्ष भरिको सेवा व्यवस्थापन गर्ने, निशुल्क वाहेकका आवस्यक थप औषधिको सुची स्वीकृत गर्ने, वहिरंग र ईमरजेन्सी सेवामा रु.५,०००।— र अंतरंग सेवामा रु.१०,०००।— सम्मको उपचार सेवामा छुट प्रदान गर्ने, लक्षित समुहलाई सो भन्दा वढी छुट दिनुपर्ने भएमा औचित्यको आधारमा अस्पताल प्रमुख वा निर्देशकले निर्णय गर्ने, आकस्मिक र अन्तरंगका विरामीहरुलाई प्रेषण गर्नु परेमा दुरी हेरी एम्वुलेन्स खर्च दिन सक्ने व्यवस्था गरेको छ।

यस अस्पतालले पनि उक्त निर्देशिका वमोजिम आ.व.२०७९/०८० देखि लक्षित समुहलाई छुट दिदै आएको छ। आ.व.२०७९/०८० मा यस एकाई मार्फत जेष्ट नागरिक २२ जना, गरिव बिपन्न १६ जना तथा अपाङ्ग १ जना गरी जम्मा ३९ जनालाई रकम रु.१,१२,२६४।— बरावरको सेवा प्रदान गरिएको थियो। त्यस्तै आ.ब. २०८१/०८२ मा जेष्ठ नागरिक १३५ जना १० वर्ष मुनिका वालवालिका १५ जना विपन्न नागरिक १०९ जना वेवारिसे व्यक्ति ३ जना तथा अपाङ्ग "क" र "ख" २ जना गरी जम्मा २६४ जनालाई पूर्ण तथा आंसिक छुटमा सेवा प्रदान गरिएको थियो।

आ.व.२०८१/०८२ मा गण्डकी प्रदेश सरकारको **अस्पतालबाट निः शुल्क रुपमा प्रदान गरिने परिक्षण लगायतको सेवा (१० वर्ष मुनिका बालबालिका र ६० वर्ष माथिका व्यक्तिहरुको लागि) एवं अति गरिव, विपन्न एवं बेबारिसे व्यक्तिहरुको स्वास्थ्य उपचार सेवा** खर्च शिर्षक नं.२२५२२ अन्तरगतको रकम रु.१,००,०००।- तथा अस्पताल संचालन तथा व्यवस्थापन समितिको कोषबाट रकम रु. ५,००,०००।- जम्मा रकम रु.६००००००।— को कोषबाट संचालित सामाजिक सेवा एकाई मार्फत सेवा दिइएको थियो।जसको विवरण निम्न प्रकार रहेको छ।

<u>कर्मचारी</u>

आ.व.२०८१/०८२ मा निम्नानुसार सेवा प्रदान गरिएको थियो।

आ.व. २०८१/०८२ मा सामाजिक सेवा एकाई मार्फत सेवा लिनेको विवरण													
लक्षित समुह/महिना	**श्रावण**	**भाद्र**	**आश्विन**	**कार्तिक**	**मंसिर**	**पौष**	**माघ**	**फाल्गुण**	**चैत्र**	**वैशाख**	**जेष्ठ**	**असार**	**जम्मा**
जेप्ठ नागरिक	२	५	८	३	९	८	९	९	७	७	७	११	८५
१० वर्ष मुनि	१	०	०	०	०	०	०	०	०	०	०	०	१
विपन्न नागरिक	०	०	०	०	०	०	०	१	१	०	०	२	२
वेवारिसे व्यक्ति	०	०	०	०	०	१	०	०	०	०	१	०	१
अपाङ्ग क ख	०	०	०	०	१	०	०	०	०	०	०	०	१
जम्मा	३	५	८	३	९	९	९	१०	८	७	८	१३	९०



SOCIAL SERVICE UNIT

MONTH	MALE	FEMALE	TOTAL
SHARWAN 2081	1	1	2
BHADRA 2081	1	3	4
ASHWIN 2081	1	5	6
KARTIK 2081	2	1	3
MANGSIR 2081	4	6	10
POUSH 2081	5	4	9
MAGH 2081	4	5	9
FALGUN 2081	4	6	10
CHAITRA 2081	5	4	9
BAISHAK 2082	1	6	7
JESTHA 2082	4	4	8
ASAR 2082	8	5	13

गत आ.व.मा जेष्ट नागरिक ८५ जना, १० वर्ष मुनि १ जना विपन्न नागरिक २ जना, वेवारिसे व्यक्ति १ जना, अपाङ्ग १ जना गरि जम्मा ९० जना व्यक्तिले जम्मा रकम रु.१४३०४५।- बरबरको आंसिक तथा पुर्ण छुट पाएका थिए।

सवल पक्ष

- आर्थिक अभावका कारण उपचार सेवा लिन नसकेकाहरुले पनि यस अस्पतालबाट सेवा लिन सक्छन् भन्ने सन्देश समुदायमा पुर्याउन सकिएको।
- विशेसत जेष्ट नागरिकहरु तथा विपन्नहरु यस कार्यक्रमबाट बढी लाभान्यित भएको।
